# आरुघाट गाउँपालिका


# स्थानीय राजपत्र

भाग-२ खण्ड: ७ संख्या :३

**पारित भएको मिति: २०८२/०७/२१**

**प्रकाशन मिति: २०८२/०७/२३**


# प्रधानाध्यापक तथा करार शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२

## आरुघाट गाउँपालिका, गोरखा

# प्रधानाध्यापक तथा करार शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२

नेपालको संविधान २०७२ को धारा २२६ दिएको अधिकार प्रयोग गरी अनूसूची ८ को क्रमसंख्या ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) र आरुघाट गाउँपालिका शिक्षा ऐन २०७५ को परिच्छेद ७ दफा ३४ (८) मा व्यवस्था भए अनुसार सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्य गर्न गाउँकार्यपालिकाबाट प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२ तयार गरी जारी गरिएको छ । यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**परिच्छेद : १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ

१) यो कार्यविधिको नाम "**प्रधानाध्यापक तथा करार शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२**" रहेको छ ।

२. परिभाषा

३. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "शिक्षा ऐन" भन्नाले शिक्षा ऐन २०२८ (संसोधनसहित) लाई सम्झनु पर्छ ।

ख) "शिक्षा नियमावली" भन्नाले शिक्षा नियमावली २०५९(संसोधनसहित) लाई सम्झनुपर्छ ।

ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

घ) "विभाग" भन्नाले शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ ।

ङ) "गाउँपालिका "भन्नाले आरुघाट गाउँपालिका सम्झनु पर्छ ।

च) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखको रुपमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

छ) "आधारभूत विद्यालय" भन्नाले वालकक्षा देखि कक्षा ८ सम्म संचालित विद्यालयलाई सम्झनुपर्छ ।

ज) "माध्यमिक विद्यालय" भन्नाले वालकक्षा देखि कक्षा १२ सम्म संचालित विद्यालय संरचनालाई सम्झनुपर्छ ।

झ) "विषय विज्ञ" भन्नाले आधारभूत तह कक्षा (१-८) र माध्यमिक तह कक्षा (९-१२) मा रिक्त शिक्षक पदमा करारमा शिक्षक नियुक्ति गरी हाजिरीका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न आधारभूत तहको लागि कम्तिमा शिक्षाशास्त्रमा स्नातक र माध्यमिक तहको लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको गाउँपालिकाबाट सूचीकृत वा गोरखा जिल्लाको अर्को स्थानीय तहमा सूचीकृत स्थायी शिक्षक सम्झनुपर्छ ।

ञ) "परीक्षा केन्द्र" आरुघाट गाउँकार्यपालिका शिक्षा शाखा वा शिक्षा शाखाले तोकेको परीक्षा केन्द्रहरु सम्झनुपर्छ ।

ट) "शिक्षक छनौट समिति" भन्नाले परिच्छेद २ मा व्यवस्था भए अनुसार शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

ठ) "शिक्षा शाखा" भन्नाले आरुघाट गाउँकार्यपालिमा रहेको शिक्षा, युवा तथा खेलकुद शिक्षा कार्यालय सम्झनुपर्छ ।

ड) "करार शिक्षक" भन्नाले गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दी, राहत, शिक्षण सिकाइ अनुदान तथा गाउँपालिका अनुदान कोटामा कार्यरत प्रारम्भिक बालविकास कक्षा देखि कक्षा १२ सम्म अध्यापनरत अस्थायी शिक्षकलाई सम्झनुपर्दछ । सो शब्दले प्राविधिक धारमा अध्यापनरत सहायक प्रशिक्षक र प्रशिक्षक समेतलाई जनाउँदछ ।

ढ) "प्रारम्भिक बालविकास शिक्षक" भन्नाले विद्यालयमा प्रारम्भिक बालविकास कक्षामा अध्यापनरत शिक्षकलाई सम्झनुपर्दछ ।

ण)  “विद्यालय कर्मचारी” भन्नाले विद्यालयमा कार्यरत विद्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीलाई सम्झनुपर्छ ।

त)  “ल्याव असिष्टेण्ट” भन्नाले प्राविधिक धार सञ्चालित विद्यालयमा प्रयोगशालामा कार्यरत कर्मचारीलाई सम्झनुपर्दछ ।

थ)  “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको कार्यकारी प्रमुखको रुपमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## शिक्षक छनौट समिति

४.  सामुदायिक विद्यालयमा रिक्त दरबन्दीमा प्रधानाध्यापक र करार शिक्षक, प्रारम्भिक बालविकास शिक्षक तथा विद्यालय कर्मचारी नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न देहाय बमोजिम एक शिक्षक छनौट समिति रहनेछ ।

क)  प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

ख)  सूचिकृत विषयविज्ञहरुमध्येबाट उपलब्ध भएसम्म १ (एक) जना महिला समेतको प्रतिनिधित्व हुने गरी शिक्षक छनोट समितिले मनोनित गरेको २ जना विषयविज्ञ -सदस्य

ग)  सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष -सदस्य

घ)  शिक्षा अधिकृत – सदस्य सचिव

५.  शिक्षक छनौट समितिको सचिवालय शिक्षा शाखामा रहनेछ ।

६.  विषयविज्ञ शिक्षक छनोट समितिले मनोनयन गर्नेछ । सूचीकृत विज्ञहरु मनोनयन गर्दा सम्बन्धित विद्यालयको शिक्षकलाई विज्ञको रुपमा मनोनयन गर्न पाइने छैन ।

७.  गाउँपालिकाबाट स्वीकृत गरिएको यस निर्देशिकालाई शिक्षक छनौट समितिले पूर्ण रुपमा पालना गर्नुपर्दछ ।

७.(क) माथि जुनसुकै कुरा उल्लेख भएतापनि विद्यालय सहयोगी नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिले विज्ञापन आव्हान गरी कम्तीमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण गरेको व्यक्तिलाई नियुक्त गर्न सक्नेछ ।

## परिच्छेद–३
## परीक्षा, अन्तरवार्ता तथा सिफारिस प्रक्रिया

८.  क) विद्यालयमा रिक्त कुनै पनि प्रकारको शिक्षक पदको नियुक्तिको लागि शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित) अनुसार योग्यता पुगेका व्यक्ति मात्र उम्मेदवार हुन सक्नेछ ।

ख) शिक्षा नियमावली २०५९ (संसोधन सहित) बमोजिम योग्यता पुगेका व्यक्ति मात्र उम्मेदवार हुन सक्नेछ ।

ग) उपदफा (ख) मा जुनसुकै कुरा लेखिए तापनि सम्बन्धित तहको स्थायी शिक्षक नभएमा एक तह स्थायी शिक्षकले आवेदन दिन सक्नेछ ।

९. (क) रिक्त पदमा प्रधानाध्यापक तथा शिक्षक पदपूर्तिका लागि सम्बन्धित विद्यालयले रिक्त भएको तह र विषय खोली पद रिक्तता सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णयसहित ५ दिनभित्र शिक्षा शाखालाई जानकारी गराउनुपर्नेछ ।

(ख) उपदफा ९(क) बमोजिम रिक्त शिक्षक पदमा शिक्षा शाखाले विज्ञापन प्रकाशन गर्नु पर्नेछ । विज्ञापन गर्दा रिक्त रहेको विद्यालय, पदपूर्ति गर्नुपर्ने तह र विषय खुलाई सकेसम्म दैनिक पत्रिका, सो सम्भव नभएमा विद्यालय र गाउँपालिकाको वेबसाइटमा १५ दिनको सुचना प्रकाशन गर्नुपर्नेछ र सो विज्ञापनको सुचना गाउँपालिकाको कार्यालयमा समेत टाँस गर्नुपर्नेछ ।

तर प्रधानाध्यापक पदपूर्तिका लागि विद्यालय स्वयम्ले १५ दिनको विज्ञापन काशन गर्नुपर्नेछ । सम्बन्धित शिक्षकले तोकेको म्यादभित्र विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन सक्नेछ ।

(ग) उपदफा (ख) बमोजिम प्राप्त विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले अनुसूची १ को बुँदा नं. ७(ख) र (ग) को अङ्कसमेत संलग्न गरी शिक्षक छनौट समिति समक्ष पठाउनुपर्नेछ ।

(घ) उपदफा (ग) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनोट समितिले अनुसूची १ मा उल्लेखित आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उमेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्त गर्न व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

प्रधानाध्यापक नियुक्ति तथा सिफारिस सम्बन्धी यस कार्यविधिमा उल्लेख गरेबाहेकका व्यवस्था शिक्षा नियमावली २०५९ (संसोधन सहित) बमोजिम हुनेछ ।

१०. शिक्षक नियुक्ति गर्दा प्रचलित शिक्षा नियमावली अनुसार स्थायी अध्यापन अनुमति पत्र लिएको व्यक्तिहरु मध्येबाट छनौट गर्नु पर्नेछ । साथै सोका लागि सम्बन्धित तहको नै स्थायी अध्यापन अनुमति पत्र अनिवार्य रुपमा लिएको हुनुपर्नेछ । तर माथिल्लो तहको अध्यापन अनुमति पत्र लिएकोले तल्लो तहको अध्यापन अनुमति पत्र लिइरहन आवश्यक पर्दैन ।

माथि जुनसुकै कुरा लेखिए तापनि प्राविधिक धार सञ्चालित विद्यालयका प्रशिक्षक, सहायक प्रशिक्षक र ल्याव असिष्टेण्ट नियुक्तिका लागि अध्यापन अनुमति पत्र बाध्यकारी मानिने छैन ।

११. महिला तथा अपांग कोटा भनि उल्लेख गरिएको दरबन्दीमा महिला तथा अपांग मात्र प्रतिस्पर्धा हुने गरी विज्ञापन प्रकाशन गर्नु पर्नेछ र सो अनुसार नियुक्ति प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

१२. विद्यालयमा जुनसुकै कारणबाट पद रिक्त भई शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षा ऐन तथा नियमावलीमा तोकिएअनुसार योग्यता पुगेको मध्येबाट नियुक्ति गर्नुपर्नेछ । तर प्रारम्भिक बालविकास शिक्षकका लागि शिक्षा विषयमा कक्षा १२ उत्तीर्ण वा सो सरह उत्तीर्ण गरेको व्यक्ति तथा विद्यालय सहायक कर्मचारीको लागि व्यवस्थापन विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको व्यक्तिलाई नियुक्त गर्नुपर्नेछ ।

१२(क) माथि जुनसुकै कुरा लेखिएको भएतापनि दफा १२ बमोजिम विद्यालय सहायक कर्मचारीका लागि पहिलोपटक विज्ञापन गर्दा कुनै पनि उमेदवारको आवेदन नपरेमा दोस्रो पटकका लागि जुनसुकै विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको व्यक्तिलाई नियुक्त गर्न बाधा पुग्नेछैन ।

१३. प्रारम्भिक बालविकास शिक्षक नियुक्ति गर्दा र प्राथमिक तहको शिक्षक विज्ञापन गर्दा उक्त विद्यालयमा महिला शिक्षक नभएको खण्डमा अनिवार्य रुपमा महिला शिक्षक नै नियुक्ति गर्नेगरी विज्ञापन गर्नु पर्नेछ ।

१४. शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोग नियामावली (संसोधनसहित) ले निर्धारण गरेको पाठ्यक्रम अनुसार अनिवार्य रुपमा लिखित तथा मौखिक परीक्षा लिनुपर्नेछ । करार शिक्षक छनोट भएकाले अन्तरवार्तामा सेवा वापतको अंक कुनै पनि पदको लागि प्रदान गरिने छैन । तर प्रारम्भिक बालविकास शिक्षकको हकमा सम्बन्धित वडाको स्थायी बासिन्दा भएवापत ५ अंक प्रदान गरिनेछ ।

१४(क) प्रारम्भिक बालविकास शिक्षकको लागि प्राथमिक तहको पाठ्यक्रमको आधारमा परीक्षा लिनुपर्नेछ ।

विद्यालय सहायक कर्मचारीको पाठ्यक्रम देहायबमोजिम हुनेछ :

सामान्य (वस्तुगत) परीक्षा- १००

लिखित (विषयगत) परीक्षा- ५०

कम्प्युटर सिप - ३०

अन्तरवार्ता - २०

१४ (ख) अन्तर्वाताको लागि ८०% भन्दा बढी र ४०% भन्दा कम अङ्क प्रदान गर्नु परेमा सोको स्पष्ट कारण खुलाउनुपर्नेछ । लिखित परीक्षाका उत्तरपुस्तिकाहरु लगायत सम्पूर्ण कागजात कम्तीमा ६ महिनासम्म सुरक्षित राख्नुपर्नेछ ।

१५. आधारभुत तहको निम्नमाध्यमिक तथा माध्यमिक तहको शिक्षक नियुक्तिको लागि विज्ञापन गर्दा विषयगत रिक्तताका आधारमा गर्नुपर्ने र दरबन्दी मिलान गरि विज्ञापन गर्नुपर्ने भएमा गाउँपालिकामा रहेको गाउँ शिक्षा समितिको निर्णय अनुसार हुनेछ ।

१६. माध्यमिक तह तथा निम्न माध्यमिक तहका शिक्षक नियुक्तिका लागि छनौट समितिमा सम्बन्धित विषयगत विज्ञको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्नेछ ।

१७. उम्मेदवारको उमेर गणना गर्दा दरखास्त दिने अन्तिम मितिलाई आधार बनाई गणना गर्नुपर्नेछ ।

१८. विज्ञापन गरिएको शिक्षक पदको लागि प्रतिस्पर्धामा भाग लिने उम्मेदवारले शिक्षा नियमावली अनुसारको कागजात निवेदन साथ पेश गर्नुपर्नेछ । प्रकाशित विज्ञापन उपर दरखास्त दिने उम्मेदवारको सक्कल दरखास्त दिंदाका बखत नै छानविन गरेर मात्र लिनु पर्नेछ । पछि छानविन गर्दा नक्कली ठहरिएमा सम्बन्धित व्यक्तिका अतिरिक्त छनौट समिति समेत कारवाहीको भागीदार हुनेछ । अन्तरवार्तामा भाग लिन आउँदा उमेदवारले अनिवार्य रुपमा सक्कल प्रमाण पत्र तथा कागजात लिई आउनुपर्ने छ ।

१९. शिक्षक छनौट समितिले सिफारिस गरेको व्यक्तिहरुमध्येबाट मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवारको समेत नामावली प्रकाशन गर्नुपर्नेछ ।

२०. शिक्षक छनौट समितिले नियुक्तिको लागि सिफारिस गरेको उमेदवारलाई विद्यालयले अन्तिम नामावली प्रकाशन गरेको ७ दिन भित्र विद्यालय व्यवस्थापनले ६ महिनाको लागि अस्थायी करार नियुक्ति दिनुपर्दछ । ७ दिन भित्र नियुक्ति लिन नआएमा वैकल्पिक उमेदवारलाई ६ महिनाको लागि अस्थायी करार नियुक्ति दिनु पर्नेछ ।

२१. नियुक्ति अभिलेख जनाउनका लागि फायल तयार गर्दा शिक्षक नियुक्तिसँग सम्बन्धित कागजात र निर्णय प्रतिलिपि तथा विज्ञापनको सक्कल पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु, नागरिकताको प्रमाण पत्र, अध्यापन अनुमति पत्रको प्रतिलिपि र तोकिएको बमोजिम शुल्क तिरेको रसिद/भौचर गाउँ शिक्षा समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

२२. शिक्षक सेवा आयोगको करार योग्यता सूचीमा उल्लेख भए बमोजिमका उम्मेदवारहरु मध्ये माथिल्लो योग्यता सूचीमा पर्ने उम्मेदवारले विज्ञापन हुँदा निवेदन पेश गरेमा सूची र उम्मेदवारको विवरण भिडाई नियुक्ति सम्बन्धी व्यवस्था मिलाउनु पर्नेछ ।

२३. शिक्षक नियुक्तिका लागि विज्ञापन गर्दा कम्तिमा १५ दिनको समय दिनुपर्नेछ । सो अवधिमा कुनै पनि उमेदवारको आवेदन नपरेमा दोस्रो पटकका लागि ७ दिन र तेस्रो पटकका लागि पुनः ७ दिन समय निर्धारण गरी विज्ञापन गर्नुपर्नेछ । शिक्षण सहयोग अनुदान कोटा तथा गाउँपालिका अनुदान अन्तरगत अङ्ग्रेजी, गणित र विज्ञान विषयमा तेस्रो पटकसम्म पनि अध्यापन अनुमति पत्र प्राप्त गरेका उमेदवारको आवेदन नपरेमा अन्य आवश्यक योग्यता पुगेका एवम् अध्यापन अनुमति पत्र प्राप्त नगरेका व्यक्तिहरुको आवेदन लिई शिक्षक छनौट गर्न सकिनेछ ।

२४ (१) कुनै शिक्षक प्रसुती बिदामा बस्नुपरेमा वा कार्यरत शिक्षक अशक्त भई वा असाधारण विदा लिई सो शिक्षकको सट्टामा बढीमा ३ महिनाका लागि अर्को शिक्षक व्यवस्थापन गर्नुपरेमा विद्यालय व्यवस्थापन समितिले कम्तिमा ७ दिनको सूचना/विज्ञापन प्रकाशन गरी सम्बन्धित तहको शिक्षक हुनको लागि आवश्यक न्युनतम योग्यता पुगेका व्यक्तिहरुमध्ये उत्कृष्ट व्यक्तिलाई शिक्षकको रुपमा छनौट गरी व्यवस्था मिलाउन सक्नेछ । तर ३ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्नुपरेमा शिक्षक छनोट समिति मार्फत नै परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम नियुक्त शिक्षकलाई गाउँपालिकाले तोके बमोजिम निश्चित रकम अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछ ।

२५. करार शिक्षक नियुक्ति भई विद्यालयमा हाजिर भएको जानकारी यथाशिघ्र गाउँकार्यपालिका शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४
## विषय विज्ञको व्यवस्था

२६. शिक्षक नियुक्तिका लागि गाउँपालिकाले निम्न प्रकृया पुरा गरी विषय विज्ञ सूचीकृत गर्ने छ ।

२६ (१) विषय विज्ञ सूचिकृतका लागि गाउँपालिकाले १५ दिनको समयावधि दिएर तपसिल अनुसार योग्यता भएका स्थायी शिक्षकहरुबाट निवेदन माग गरी योग्य व्यक्तिहरुलाई विषय विज्ञको रुपमा सूचिकृत गर्नेछ ।

क.  आधारभुत तहको शिक्षक तथा प्रारम्भिक बालविकास शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्नानुसार योग्यता पुगेको हुनुपर्नेछः

अ) निम्न माध्यमिक तहमा स्थायी नियुक्ति लिई ३ वर्ष सेवा गरेको शिक्षक अथवा प्राथमिक तह द्वितीय भई ३ वर्ष स्थायी सेवा गरेको शिक्षक,

आ) शिक्षाशास्त्र संकायमा स्नातक तह उत्तीर्ण भएको वा अन्य विषयमा स्नातक गरी तालिम प्राप्त शिक्षक,

इ) कम्तिमा निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको,

ई) निम्न माध्यमिक तह (कक्षा ६-८) शिक्षक नियुक्तिका लागि विज्ञमा सूचिकृत हुनका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको विषयगत शिक्षक,

ख. प्रधानाध्यापक र माध्यमिक तहको शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्नानुसार योग्यता पुगेको हुनुपर्नेछ ।

अ. माध्यमिक तह अन्तरगत कम्तिमा माध्यमिक तहमा स्थायी नियुक्ति भई ३ वर्ष स्थायी सेवा गरेको विषयगत शिक्षक,

आ. शिक्षाशास्त्र संकायमा स्नातकोत्तर तह उत्तीर्ण भएको वा अन्य विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरि माध्यमिक तहको शिक्षक हुनका लागि तालिम प्राप्त शिक्षक ,

इ. कम्तिमा माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

ग. कक्षा ११ र १२ को लागि विज्ञमा सूचिकृत हुनका लागि स्नातक तहमा ३ वर्ष अविछिन्न रुपमा अध्यापनरत सम्बन्धित विषयको शिक्षण सहायक वा उपप्राध्यापक ।

घ. प्राविधिक धारका प्रशिक्षक छनोटका लागि विज्ञमा सूचिकृत हुनका सम्बन्धित विषयमा स्नातकोत्तर गरी ३ वर्षको प्रशिक्षक पदमा कार्य अनुभव भएका व्यक्ति,

ङ. प्राविधिक धारका सहायक प्रशिक्षक छनोट गर्न विज्ञमा सूचिकृत हुनका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरहको योग्यता भई ३ वर्षको प्रशिक्षक पदमा कार्य अनुभव भएका व्यक्ति,

च. प्राविधिक धारका ल्याव असिष्टेण्ट छनोट गर्न विज्ञमा सूचिकृत हुनका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरहको योग्यता भई ३ वर्षको सहायक प्रशिक्षक पदमा कार्य अनुभव भएका व्यक्ति,

छ. विद्यालय सहायक कर्मचारी छनोट गर्न व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गरेका २ वर्ष सेवा गरेका अधिकृतस्तरका कर्मचारी अथवा व्यवस्थापन, लेखा विषय अध्यापन गराउने माध्यमिक तहका शिक्षक,

२७.  विषय विज्ञमा हुन चाहने शिक्षकले शिक्षा शाखामा आवेदन गर्दा तोकिएको दस्तुर सहित तपसिल अनुसार कागजपत्रको प्रतिलिपि अनिवार्यरुपमा गाउँकार्यपालिका शिक्षा शाखामा पेश गर्नुपर्ने छ ।

क) नेपाली नागरिकताको प्रमाण पत्र

ख) न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताको प्रमाण पत्र

ग) स्थायी नियुक्ति पत्र

घ) अध्यापन अनुमति पत्र

ङ) अनुभव सम्बन्धी प्रमाणपत्रहरु

च) वैयक्तिक विवरण

२८  विद्यालयहरुले शिक्षक नियुक्ति गर्न विज्ञ छनौट गर्दा गाउँपालिकाबाट सूचिकृत मध्येबाट गर्नुपर्ने छ । गाउँपालिकाबाट विज्ञ उपलब्ध नभएमा अन्य स्थानीय तहमा सूचीकृत विषय विज्ञलाई छनोट गर्न सकिने छ ।

२९.  विषय विज्ञको रुपमा सूचिकृत भएका विषय विज्ञको अभिलेख शिक्षा शाखामा राखिनेछ ।

३०.  विषय विज्ञको पदावधि २ वर्षको हुनेछ ।

३१.  विषय विज्ञमा सूचिकृत हुनका लागि यस गाउँपालिका भन्दाबाहिरबाट पनि यस गाउँकार्यपालिकाको शिक्षा शाखामा आवेदन दिन पाइने छ ।

## परिच्छेद ५
## विविध

३२. विषय विज्ञ तथा छनौट समितिको सुविधा निम्नानुसार हुनेछ ।

क. विषय विज्ञ छनौट गरी शिक्षक छनौट समिति गठन गरी सामान्य र विषयगत परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्न बसेको बैठक

ख. परीक्षा सञ्चालन कार्यविधि निर्धारण र प्रश्नपत्र परिमार्जन एवम् संशोधन गर्न बसेको बैठक

ग. सामान्य परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्न बसेको बैठक

घ. विषयगत परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्न बसेको बैठक

ङ. अन्तर्वाता सञ्चालन र अन्तिम नतिजा प्रकाशन गर्न बसेको बैठक

च. प्रश्नपत्र निर्माण, सम्पादन, परीक्षण तथा समपरीक्षण गरेवापत विज्ञलाई पारिश्रमिक

३३. यस कार्यविधि अनुसार कार्य सम्पादन गर्न कुनै द्विविधा भएमा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

३४. यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षक सेवा आयोगको नियमावलीमा व्यवस्था भए अनुसार हुनेछ ।

३५. यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान ऐन कानुन संविधानसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

३६. खारेजी र बचाउ

क. करार शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति २०८० बमोजिम भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ख. करार शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि २०८० खारेज गरिएको छ।

अनुसूची १

## परिच्छेद २ दफा ९ सँग सम्बन्धित

## प्रधानाध्यापक छनोटका आधारहरु

| <u>छनोटका आधारहरु</u> | <u>अङ्क</u> |
|---|---|
| १. शौक्षिक योग्यता | |
| क) न्यूनतम शौक्षिक योग्यता | १५ |
| ख) माथिल्लो शौक्षिक योग्यता | १० |
| २. शिक्षण अनुभव | २० |
| ३. तालिम | |
| क) शौक्षिक तालिम | १० |
| ख) विद्यालय व्यवस्थापन तालिम | २ |
| ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १२ |
| ५. विद्यालय विकास प्रस्ताव | |
| क) विद्यालय विकास प्रस्ताव | १० |
| ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ४ |
| ६. सुचना तथा प्रविधि सम्बन्धी ज्ञान | ५ |
| ७. नेतृत्व लिने क्षमता | |
| क) गाउँ शिक्षा समितिको अध्यक्षको मूल्याङ्कनबाट | ५ |
| ख) विद्यालय व्यवस्थापन समितिको मूल्याङ्कनबाट | ५ |
| ग) सम्वन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट | २ |
| जम्मा | १०० |

<u>द्रश्टव्य</u>

१. न्यूनतम शौक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा न्यूनतम शौक्षिक योग्यता वापत प्रथम श्रेणीको लागी १५ अंक द्वितीय श्रेणीको लागी १३ अङ्क र तृतीय श्रेणीको लागी ११ अङ्क दिइनेछ ।

माथिल्लो शौक्षिक योग्यता वापत अंक प्रदान गर्दा प्रथम श्रेणीका लागी १० अंक द्वितीय श्रेणीको लागी ८ अङ्क र तृतीय श्रेणीको लागी ६ अङ्क दिइनेछ।

न्यूनतम शैक्षिक योग्यता भन्नाले प्राथमिक तहको लागि शिक्षाशास्त्र संकायमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह, निम्न माध्यमिक तहका लागि स्नातक तह र माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यतालाई बुझाउँदछ ।

माथिल्लो शौक्षिक योग्यता भन्नाले प्राथमिक तहको लागि स्नातक तह, निम्न माध्यमिक तहका लागि स्नातकोत्तर तह र माध्यमिक तहका लागि एम.फीललाई जनाउनेछ।

तर न्यूनतम शैक्षिक योग्यता पुगेका कुनै पनि उमेदवार नभएको खण्डमा माध्यमिक तहको लागि न्यूनतम शैक्षिक योग्यता स्नातक तह वा सो सरह मानिनेछ । निम्न माध्यमिक तहको लागि प्रवीणता पत्र वा सो सरह मानिनेछ ।

२. शिक्षण अनुभव वापत अंक प्रदान गर्दा शिक्षण पेसामा स्थायी नियुक्ति पाई शिक्षण गरेको प्रति वर्षको प्रथम श्रेणीको भए २.५ अङ्कको दरले द्वितीय श्रेणीको भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २० अङ्क दिइनेछ।

तर महिलाको हकमा २० अङ्क ननाघ्ने गरी बीस प्रतिशत अङ्क थप गरिनेछ।

३. तालिम अन्तर्गत शौक्षिक तालिम वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए १० अङ्क द्वितिय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ। श्रेणी नखुलेको तालिमलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ । शिक्षकले स्थायी सेवा अवधिमा लिएको कुनै एउटा तालिम वापत अङ्क पाउनेछ।
तालिम अन्तर्गत विद्यालय व्यवस्थान तालिम वापत एकमुष्ट २ अङ्क प्रदान गरिनेछ ।

४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शौक्षिक सत्रको प्रति शौक्षिक सत्रको बढीमा चार अङ्कका दरले अधिकतम १२ अङ्क दिइनेछ। अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिंदा प्रति वर्ष देहायका आधारमा दिइनेछ।

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औषत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको भौगोलिक इकाइको औषत उत्तीर्ण प्रतिशत}} \times ४$$

क. भौगोलिक इकाइको औसत उत्तीर्ण प्रतिशत अंक ४० भन्दा कम भएमा ४० लाई मानिनेछ। यस खण्डको प्रयोजनका लागी भौगोलिक इकाइ भन्नाले गाउँपालिकालाई जनाउँछ।

ख. सम्बन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्रधानाध्यपक उम्मेदवार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धीको आधारमा यस खण्ड अनुसारको मूल्याङ्कन गर्नु पर्नेछ।

५. देहायको कार्य ढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव वापत अंक १० र सोको प्रस्तुतीकरण वापत ४ अङ्क दिइनेछ। प्रस्ताव वापत अंक प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनु परेमा सोको पुष्टयाँइ समेत दिनु पर्नेछ।
   क) वर्तमान शौक्षिक र आर्थिक अवस्था
   ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी
   ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर
   घ) अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना
   ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरु

६. शिक्षक छनोट समितिले कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान (MS Word, Excel, Power point) सम्बन्धी प्रयोगात्मक कार्य गराइ बढीमा ५ अङ्क प्रदान गर्न सक्नेछ ।

७. गाउँ शिक्षा समितिको अध्यक्ष र विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेदवारको नेतृत्व लिने क्षमताको मूल्याङ्कन देहायका आधारमा गर्नु पर्नेछ।

| **क.स** | **मूल्याङ्कनका आधारहरु** | अतिउत्तम १.२५ | उत्तम १.०० | मध्यम ०.७५ | सामान्य ०.५० |
|---|---|---|---|---|---|
| क | शिक्षण पेशाप्रति निष्ठावान् तथा लगनशील | | | | |
| ख | विद्यालयको शौक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| ग | विद्यर्थी शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ | उत्तरदायित्व र पारदर्शीता सम्बन्धी व्यवहार | | | | |
| | जम्मा | | | | |

८. सम्बन्धित विद्यालयका शिक्षकहरुले मूल्याङ्कन गरी अंक प्रदान गर्दा खण्ड ७ मा उल्लिखित मूल्याङ्कनको आधारमा अतिउत्तम, उत्तम, मध्यम, सामान्य क्रमश ०.५, ०.४, ०.३ र ०.२ अंक प्रदान गर्नु पर्नेछ। शिक्षक छनोट समितिले व्यवस्थान समितिद्वारा तोकिएको अवधिभित्र शिक्षकहरुबाट प्राप्त मूल्याङ्कनको औसत अंक निकाल्नु पर्नेछ। शिक्षकहरुले अलग अलग फाराममा गोप्य मूल्याङ्कन गरी व्यवस्थापन समितिले तोकेको

अवधिभित्र आफ्नो मूल्याङ्कन शिक्षक छनोट समितिलाई बुझाउनु पर्नेछ। उम्मेदवार हुनेले मूल्याङ्कनमा सहभागी हुन पाउने छैन।

९. व्यवस्थापन समितिले उम्मेदवारको मूल्याङ्कन गर्दा बैठक बसी लिखित निर्णय गर्नु पर्नेछ।

१०. नेतृत्व लिने क्षमता वापत अंक प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिनुपरेमा सोको पुष्ट्याई समेत गर्नु पर्नेछ।

११. शिक्षक छनोट समितिले प्रधानाध्यापक पदको लागी शिक्षक सिफारिस गर्दा महिला, दलित र अपाङ्ग उम्मेदवारको र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्ग उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ।

आज्ञाले,
प्रमुख प्रशासकिय अधिकृत